सुदूरपश्चिम प्रदेश सरकार

# आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

प.सं. :- ०८३/८४

च.नं. :- १४९

मिति :- वि.सं. २०८३/०६/२८

ने.स. :- ११४६ कौलाथ्व,४ बुधबार

विषयः आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८३ अनुसार आर्थिक वर्ष २०८३/८४ का लागि तहाँ अन्तर्गतका निकायहरूमा विनियोजित बजेट प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने तथा सोको लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षण गर्ने गराउने समेतको जिम्मेवारी प्रभावकारी रूपमा सम्पन्न गर्नु हुने विश्वास लिएको छु। बजेटको उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम् उपयोग गर्दै खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ। समग्र वित्तीय अनुशासन कायम गर्दै बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व वहन गर्न सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८३ को दफा ९ को उपदफा (३) र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम २८ को उपनियम (३) बमोजिम बजेट कार्यान्वयन सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु।

आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(क) अख्तियारी, कार्यक्रमस्वीकृतितथाबजेटबाँडफाँट

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखानियन्त्रक कार्यालय र प्रदेश लेखा इकाईले कार्यान्वयन इकाईलाई बजेट निकासा गर्नु पर्नेछ।

२. कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको लेखा उत्तरदायी अधिकृतले विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

३. बजेट तथा कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने निर्णय वा बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता गर्नु अघि आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

४. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने

फोन नं.: ०९१-५२०१०७ website: moea.sudurpashchim.gov.np email: moea@sudurpashchim.gov.np/moeap7@gmail.com



CamScanner

छैन।

५. स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै नयाँ आयोजना तथा कार्यक्रम थप गरिने छैन। तर, विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्य दायित्वको हकमा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

६. आर्थिक वर्षको बीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविकको बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

७. नेपाल सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त हुने ससर्त अनुदानको रकम प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम जुन कार्यक्रमको लागि प्राप्तभएको हो सोही कार्यक्रमको लागि मात्र खर्च गर्नु गराउनु हुनेछ।

८. स्वीकृत वार्षिक कार्यक्रमकालागि विनियोजित बजेट तेस्रो त्रैमासिक अवधिसम्म खरिद प्रक्रिया सुरु नभएका वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०८३ वैशाख १५ गतेभित्र अनिवार्य रूपमा आर्थिक मामिला मन्त्रालयमा समर्पण गर्नु हुनेछ।

(ख) <u>बजेट निकासा तथा बजेट कार्यान्वयन:</u>

९. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई बजेट विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने भएमा कार्यविधि, निर्देशिका, मापदण्ड, दीग्दर्शन वा मार्गदर्शन बनाउनु हुनेछ। तर, यस्तो कार्यविधि, निर्देशिका, मापदण्ड, दीग्दर्शन वा मार्गदर्शन बनाउँदा थप आर्थिक दायित्व सिर्जना हुने विषय भएमा आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ। स्वीकृत कार्यविधि, निर्देशिका, मापदण्ड, दीग्दर्शन वा मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु हुनेछ।

१०. आर्थिक मामिला मन्त्रालयको पूर्व स्वीकृति विना नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, कुनै पनि निकायमा दरवन्दीभन्दा बढी कर्मचारी नखटाउने र खटाउनै पर्ने भए अस्थायीदरवन्दी स्वीकृत गरी मात्र पठाउने व्यवस्था गर्नु गराउनु हुनेछ।

११. आयोजना तथा कार्यक्रमकार्यान्वयनको भौतिक प्रगति र गुणस्तरका आधारमा मात्र भुक्तानी दिने व्यवस्थामिलाउनु हुनेछ।

१२. आर्थिक वर्ष २०८३/८४ कोस्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भईप्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा दोहोरो प्रविष्टिभएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी आर्थिक मामिला मन्त्रालयमा सम्वत २०८३ साल मंसिर मसान्तभित्र बजेट समर्पण गर्नु हुनेछ। सो समयावधि भित्र समर्पण हुन नआएमा आर्थिक मामिला मन्त्रालयले जुनसुकै बखत समर्पण गराउन सक्नेछ।

१३. आर्थिक वर्ष २०८३/८४ को बजेटमा समावेश भएका नयाँ कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा सो आयोजनामा संघ र स्थानीय तहबाट बजेट विनियोजन भए/नभएको यकिनगरी



CamScanner

दोहोरो नपर्ने गरी समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ।

(ग) <u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन</u>

१४. स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकममध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१५. आयोजना पूर्वतयारीका कार्यहरू सम्पन्न पश्चात मात्रआयोजनालाई शीघ्र खरिद प्रक्रियामालैजाने व्यवस्था गर्नु हुनेछ।

घ) <u>बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन</u>

१६. स्थानीय तहको लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

१७. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ को उपदफा (२) बमोजिम एउटै अनुदान सङ्केतभित्र रही चालु खर्च शीर्षकमा विनियोजन भएको रकम चालु खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार सम्वन्धित मन्त्रालयलाई हुनेछ। तर, खर्च संकेत २२५२२ अन्तर्गतका क्रियाकलापहरुमा सुरु विनियोजनको पच्चीस प्रतिशतभन्दा बढी रकमान्तर गर्न पाइने छैन। यसरी रकमान्तर गरी घटाइसकेको क्रियाकलापहरुमा थप निकासा गर्न सकिने छैन।

१८. देहायका खर्च शीर्षकको हकमा अन्तर खर्च शीर्षक (इन्टर इकोनोमिक कोड) मा रकमान्तर तथा क्रियाकलाप संशोधन लेखा उत्तरदायी अधिकृतले गर्नु हुनेछः-

| क्रम सङ्ख्या | खर्च सङ्केत नं. | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधी उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार |
| ९ | २११४२ | पदाधिकारीअन्य सुविधा |
| १० | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |



CamScanner

| क्रम सङ्ख्या | खर्च सङ्केत नं. | खर्च शीर्षक |
|---|---|---|
| ११ | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| १२ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| १३ | २७१११ | सामाजिक सुरक्षा |

१९. पुंजीगत खर्च शीर्षकमा विनियोजन भएको रकम एउटै अनुदान सङ्केतभित्र रकमान्तर गर्ने अधिकार सम्बन्धित मन्त्रालयलाई हुनेछ। तर, स्रोत सहमति नलिएका र उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको हकमा रकमान्तर र थप निकासा गर्न सकिने छैन।

२०. बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम आर्थिक मामिला मन्त्रालयले स्रोत सहमति दिएको आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

२१. रकमान्तर वा कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन संशोधन गर्दा स्रोतमा परिवर्तन हुने भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिनु हुनेछ ।

२२. त्रैमासिक अवधिमा भएको कार्यको दायित्व भुक्तानी सो अवधि समाप्त भएको अर्को महिनाभित्र अनिवार्य रुपमा फरफारक गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै पनि पुंजीगततर्फको क्रियाकलापमा रकमान्तर, कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भएपछि पुनः सोही क्रियाकलापमा थप बजेटका लागि (थप निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) प्रस्ताव गर्नु हुनेछैन।

२३. तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडाजस्ता अनिवार्य दायित्वमा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नुहुनेछ।

२४. सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब तथा भत्ता बापतको रकम भुक्तानी गर्नु हुनेछ।

२५. पारिश्रमिक, भत्ता, बैठक भत्ता र कर कट्टी हुने भुक्तानीमा अनिवार्य रूपमा व्यक्तिगत स्थायी लेखा नम्बर वा स्थायी लेखा नम्बर उल्लेख गरेर मात्र भुक्तानी गर्नु हुनेछ।

२६. स्वीकृत दरबन्दी तथा विनियोजित बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। अति महत्वपूर्ण र औचित्य पुष्टि हुने बाहेक करार र ज्यालादारीमा कर्मचारी राख्नु हुने छैन।

२७. राजस्व, खर्च, कार्यसञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीबाट राख्ने र प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२८. पानी, बिजुली, सञ्चारमहसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता कायम


CamScanner

गरी खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ ।

२९. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा संभव भए सम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सरकारी सभाहल उपलब्ध हुन नसकेमा अधिकतम मितव्ययिता कायम हुने गरी कार्यक्रम आयोजना गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३०. अत्यावश्यक अवस्थामा बाहेक नयाँ फर्निचर तथा कार्यालय सजावटका सामाग्रीहरू खरिद नगरी कार्यालयमा उपलब्ध भएकोलाई नै मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ तथा थप खरिद सम्बन्धी प्रस्ताव पेस गर्दा पुरानो तथा काम नलाग्ने अवस्थामा पुगेका फर्निचरहरूको लिलाम बिक्री अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साविकको कार्यालयको लागि थप फर्निचर तथा फिक्चर्स, एयर कन्डिसनर, कम्प्यूटर, ल्यापटप, प्रिन्टर खरिद गर्दा आवश्यकता र औचित्यतताको आधारमा मात्रै गर्नुहुनेछ।

३१. कार्यालयको कार्यसम्पादका निम्ति सरकारी निकायहरुले खाली रहेका सरकारी भवनहरुलाई प्राथमिकताका साथ उपयोग गर्नु हुनेछ। सरकारी स्वामित्वको भवन उपलब्ध नभएको खण्डमा मात्र मुख्य व्यापारिक केन्द्र वा प्रमुख मार्गभन्दा बाहिर रहेका न्यूनतम पूर्वाधार र सुविधाका घरहरु भाडामा लिने व्यवस्था मिलाउनु हुन्छ। यसरी भाडामा लिने घरहरु पूर्ण रुपमा सरकारी प्रयोजनमा मात्र प्रयोग हुने व्यवस्था मिलाउनु हुनेछ।

३२. नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने भनी निर्णय गरेको अवस्थामा बाहेक परामर्श सेवा लिनु हुने छैन। ठूला र जटिल प्रकृतिका आयोजनामा बाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा लिनु हुने छैन। ऐन, नियम, नीति, कार्यविधि, मापदण्ड लगायतका दस्तावेजहरुको मस्यौदा तयार गर्न परामर्श सेवा लिनु हुने छैन।

३३. आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक विकास कार्यक्रममा बजेट विनियोजन भएको र आर्थिक वर्ष २०८२/८३ मा भुक्तानी हुन बाँकी रहेका आयोजना तथा कार्यक्रमहरुको म.ले.प.फा.नं. २२१ प्रमाणित भएको अवस्थामा मात्र भुक्तानी गर्नु हुनेछ।

३४. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। बहुवर्षीय ठेक्का तथा स्रोत सहमति प्राप्त आयोजनाको हकमा सुदूरपश्चिम प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ बमोजिम गर्नु गराउनु हुनेछ।

३५. बेरुजु फस्यौट सम्बन्धी कार्यलाई प्राथमिकतामा राख्नु हुनेछ।

ङ) <u>वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन</u>

३६. आर्थिक अनुशासन र मितव्ययिता कायम गरी आयोजनाको गुणस्तर, परिमाण, लागत र समयावधिलाई ध्यानमा राखी कार्यान्वयन गराउनु हुनेछ।

३७. मन्त्रालय तथा अन्तर्गतका निकायको खर्च विवरण मासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।



CamScanner

३८. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरु उल्लेख गरी आर्थिक मामिला मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक त्रैमासिक रुपमा आर्थिक मामिला मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ ।

३९. सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८३ ले फ्रिज नहुने भनी तोकेको रकमबाहेक अन्य भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै भुक्तानी गरी निकासा तथा खर्चको लेखा अद्यावधिक गर्नुहुनेछ।

**(च) विविध:**

४०. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सोको नियमावली, २०७९, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा नियमावली, २०८०, सुशासन (व्यवस्थापनतथा सञ्चालन) ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ एवम् सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ मा उल्लिखित विषय प्रतिकूल नहुने गरी कार्यान्वयन गर्ने जिम्मेवारी पूर्णतः वहन गर्नुहुनेछ।

४१. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम पारदर्शिता तथा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्ने, प्राप्त उपलब्धिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने र समग्र वित्तीय सुशासन कायम गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्नु गराउनु हुनेछ।

४२. आयोजना तथा कार्यक्रम कार्यान्वयनको सिलसिलामा सिर्जना हुन सक्ने वित्त जोखिम (Fiscal Risk) को आँकलन गरी वित्त जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्नु हुनेछ।

४३. प्रस्तुत मार्गदर्शनको आधारमा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तयार गरी यथाशीघ्र आफू मातहतका निकायमा पठाउनु हुनेछ र सोको जानकारी आर्थिक मामिला मन्त्रालयलाई उपलब्ध गराउनुहुनेछ।

श्री प्रदेश सचिव/सचिव,
सबैमन्त्रालय/आयोग/सचिवालय/कार्यालय,
सुदूरपश्चिमप्रदेश, धनगढी, कैलाली।

फोन नं.: ०९१-५२०१०७ website: moea.sudurpashchim.gov.np email: moea@sudurpashchim.gov.np/moeap7@gmail.com

about:blank

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Rajendra Kumar Hamal
rjndrhml@gmail.com

(राजेन्द्र कुमार हमाल)
प्रदेश सचिव

बोधार्थ:

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं

श्री अर्थ मन्त्रालय , सिंहदरबार, काठमाण्डौ ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।

श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली ।





CamScanner